सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



**विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।**

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

KHABAR DARPAN PRIMARY
CURRENT ACCOUNT • 2337087445300018

तपाई जुन सुकै ठाउँमा भए पनि हामीलाई सामग्री पठाएर । विज्ञापन वापतको रकम जम्मा गरेको स्क्रिनसट पठाउनुस् । हामी विज्ञापन गरी दिन्छौं ।



♦ वर्ष ९ ♦ अंक ३१४ ♦ २०८३ साल साउन १९ मंगलवार ♦ 4 Aug 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com


# मधेशमा एक वर्षमा ३९ मानवअधिकार उल्लङ्घनका नयाँ उजुरी

**खबर दर्पण समाचारदाता**

**साउन १८ गते, बर्दिवास**

राष्ट्रिय मानवअधिकार आयोगको मधेश प्रदेश कार्यालय जनकपुरधाममा आर्थिक वर्ष २०८२/८३ मा मानवअधिकार उल्लङ्घनसम्बन्धी ३९ वटा नयाँ उजुरी दर्ता भएका छन् ।

आयोगका अनुसार नागरिक तथा राजनीतिक अधिकार, महिला तथा बालअधिकार, जातीय विभेद, आर्थिक सामाजिक अधिकार र यातनासम्बन्धी विषयमा उल्लेख्य गुनासा आएका छन् ।

आयोगका मधेश प्रदेश कार्यालय प्रमुख बुद्धनारायण सहनी केवटका अनुसार सबैभन्दा बढी १७ वटा उजुरी नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिअन्तर्गत दर्ता भएका छन् ।




त्यस्तै घरेलु हिंसा, लैङ्गिक विभेद, शारीरिक तथा मानसिक यातना, सामाजिक बहिष्कार र महिलामाथि हुने हिंसासम्बन्धी सात, बालअधिकारसम्बन्धी तीन, जातीय विभेद तथा समान व्यवहारबाट वञ्चित भएको विषयमा दुई, स्वास्थ्य, शिक्षा, रोजगारी, खाद्य सुरक्षा, आवास र सामाजिक सुरक्षाजस्ता आधारभूत सेवामा पहुँच नपाएको विषयमा आठ तथा यातनाविरुद्धको अधिकारसम्बन्धी तीन वटा उजुरी दर्ता भएका छन् ।

आयोगले आर्थिक वर्ष २०८२/८३ मा ११० वटा उजुरीको छानबिन तथा अनुसन्धान सम्पन्न गरी अन्तिम निर्णयका लागि केन्द्रीय कार्यालय पठाएको जनाएको छ । हाल भने ३७७ वटा उजुरी माथि विस्तृत अनुसन्धान जारी रहेको छ ।

प्रमुख केवटका अनुसार उजुरीमाथि सम्बन्धित निकायसँग विवरण माग्ने, पीडित र सरोकारवालाको बयान लिने, घटनास्थल निरीक्षण गर्ने तथा आवश्यक समन्वयात्मक प्रक्रिया अघि बढाउने काम भइरहेको छ ।

उनले आयोगमा आउने अधिकांश उजुरी प्रहरीमा जाहेरी दर्ता नभएको, जाहेरी परे पनि अनुसन्धान प्रभावकारी हुन नसकेको, पीडितले समयमै न्याय नपाएको, प्रशासनिक निकायबाट सुनुवाइमा ढिलाइ भएको तथा सरकारी सेवामा पहुँचसम्बन्धी समस्या रहेको विषयसँग सम्बन्धित हुने गरेको बताए ।

सरोकारवालाका अनुसार मधेश प्रदेशमा पछिल्ला वर्षहरूमा सामाजिक तनाव, लैङ्गिक हिंसा, जातीय विभेद, प्रशासनिक लापरबाही तथा न्यायमा सहज पहुँचको अभावका कारण मानवअधिकारसम्बन्धी गुनासा बढ्दै गएका छन् ।

आयोगले यस्ता उजुरीको निष्पक्ष छानबिन र सम्बन्धित निकायसँग समन्वय गरी पीडितलाई न्याय दिलाउन पहल जारी राखेको जनाएको छ ।

# धनुषामा विभिन्न मुद्दाका ११ फरार प्रतिवादी पक्राउ

**खबर दर्पण समाचारदाता**

**साउन १८ गते, जनकपुरधाम**

जिल्ला प्रहरी कार्यालय धनुषाले विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ११ जना प्रतिवादीलाई पक्राउ गरेको छ ।

प्रहरीले सोमबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार धनुषा जिल्ला अदालतको फैसला कार्यान्वयन अभियानअन्तर्गत फरार रहेका प्रतिवादीहरूको खोजतलास तीव्र पारिएको थियो ।

सोही क्रममा जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी इकाइबाट खटिएको टोलीले विभिन्न स्थानबाट उनीहरूलाई पक्राउ गरेको जनाएको छ ।




पक्राउ परेकामध्ये सवारी ज्यान, लागूऔषध तथा कुटपिट सम्बन्धी मुद्दाका प्रतिवादी रहेका छन् ।

उनीहरूमध्ये एक जनालाई सवारी ज्यान मुद्दामा दुई वर्ष कैद र २० हजार रुपैयाँ जरिवानाको फैसला भएको थियो भने अन्यलाई १४ दिनदेखि ६ महिनासम्म कैद तथा केहीलाई २ हजार रुपैयाँदेखि २० हजार रुपैयाँसम्म जरिवानाको सजाय तोकिएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार पक्राउ परेका सबै प्रतिवादीलाई आवश्यक कानुनी प्रक्रिया पूरा गरी फैसला कार्यान्वयनका लागि धनुषा जिल्ला अदालतमा उपस्थित गराइएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाले अदालतबाट सजाय तोकिएपछि फरार रहने व्यक्तिहरूको खोजी तथा पक्राउ अभियानलाई आगामी दिनमा पनि निरन्तरता दिइने जनाएको छ ।

प्रहरीका अनुसार अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन जिल्लाभर विशेष अभियान सञ्चालन भइरहेको छ ।




खबर दर्पण
राष्ट्रिय दैनिक





- दिवेश कुमार महतो

“शान्ति भनेको केवल युद्ध वा हिंसाको अनुपस्थिति मात्र होइन, न्याय, विश्वास र प्रभावकारी संस्थागत व्यवस्थाको उपस्थितिसमेत हो।“ यो अवधारणाले प्रतिपादन गरेको ’सकारात्मक शान्ति (Positive Peace)’ सिद्धान्तसँग मेल खान्छ। यस सिद्धान्तअनुसार समाजमा दीगो शान्ति कायम राख्न हिंसा रोक्नु मात्र पर्याप्त हुँदैन; न्यायपूर्ण शासन, उत्तरदायी राज्य, प्रभावकारी सुरक्षा संयन्त्र र समुदायबीच विश्वासको वातावरण पनि अपरिहार्य हुन्छ। यही सन्दर्भमा सुनसरीको देवानगञ्जदेखि सिरहा र जनकपुरसम्म पछिल्ला दिनमा भएका धार्मिक द्वन्द्व र हिंसात्मक घटनाले नेपालमा केवल कानुन व्यवस्था माथिको प्रश्न मात्र उठाएको छैन, राज्यको सुरक्षा संयन्त्रको पूर्वतयारी, समन्वय क्षमता, जोखिम व्यवस्थापन तथा द्वन्द्व न्यूनीकरण प्रणालीमाथि पनि गम्भीर प्रश्न खडा गरेको छ। हिंसा भइसकेपछि मात्र बल प्रयोगमा केन्द्रित हुने प्रवृत्तिले मानवीय तथा भौतिक क्षति बढाएको देखिन्छ। त्यसैले अब सुरक्षा संयन्त्रलाई पूर्वसूचना, समुदायसँगको साझेदारी, स्थानीय सरकारसँगको समन्वय र जोखिम व्यवस्थापनमा आधारित प्रणालीतर्फ उन्मुख गरिनु आवश्यक छ।

## देवानगञ्जदेखि जनकपुरसम्म : घटनाक्रम

साउन १० गते राति सुनसरी जिल्लाको देवानगञ्ज गाउँपालिका-३ मा धार्मिक झण्डा नहटाएको र चर्को आवाजमा डीजे बजाएको विषयलाई लिएर दुई समूहबीच विवाद सुरु भयो। विवादले उग्र रूप लिएपछि नेपाल प्रहरी र सशस्त्र प्रहरीले स्थिति नियन्त्रणमा लिन बल प्रयोग गरे। उक्त घटनामा देवानगञ्ज गाउँपालिका-३ कप्तानगञ्जका २४ वर्षीय ओमप्रकाश मेहताको घटनास्थलमै मृत्यु भयो भने घाइते भएका २२ वर्षीय जयप्रकाश मेहताको विराटनगरस्थित न्यूरो अस्पतालमा उपचारका क्रममा निधन भयो। साथै आठ जना स्थानीय र १३ जना सुरक्षाकर्मी घाइते भए। यस घटनापछि सुनसरीसहित मधेसका विभिन्न जिल्लामा आन्दोलन सुरु भयो। सडक अवरुद्ध भए, बजार बन्द भए, निजी सम्पत्तिमाथि तोडफोड र आगजनीका घटना भए तथा जनजीवन प्रभावित बन्यो। आन्दोलनको केन्द्रबिन्दु केवल हिन्दू-मुस्लिम समुदायबीचको विवाद थिएन; बरु प्रहरीको गोलीबाट मृत्यु भएका नागरिकलाई न्याय दिलाउने, दोषीको पहिचान गरी कारबाही गर्ने र निष्पक्ष छानबिन गरिनुपर्ने माग प्रमुख रूपमा उठ्यो।

घटनाको चौथो दिन सिरहाको गोलबजारमा आन्दोलनका क्रममा प्रहरीसँग भएको झडपमा प्रहरीको गोली लागी औरही गाउँपालिका-२ तुलसीपुरका गणेश यादवको मृत्यु भयो। उनी आन्दोलनमा सक्रिय सहभागी नभई बजारतर्फ हिँडिरहेका बेला घाँटीमा गोली लागेको भन्ने दाबी सार्वजनिक भयो। त्यसपछि गोलबजारमा आन्दोलन थप उग्र बन्दै निजी सम्पत्तिमाथि तोडफोड र आगजनीका घटना भए।

जानकारहरूका अनुसार मधेसमा यस स्तरको धार्मिक तनाव दुर्लभ थियो। विगतमा यस्ता विवाद स्थानीय तहको संवाद, सामाजिक अगुवा र प्रशासनको सक्रियताबाट समाधान हुँदै आएका थिए। यसपटक भने प्रशासनिक समन्वय ढिलो भएको र संवाद प्रक्रियाले समयमै गति लिन नसक्दा अवस्था जटिल बनेको उनीहरूको बुझाइ छ।

## सरकार र सुरक्षा संयन्त्रका कमजोरी

यी घटनाले सरकार र सुरक्षा निकायको कार्यशैलीमाथि अनेक प्रश्न उठाएका छन्।

पहिलो, संवेदनशील अवस्थामा सरकारले समयमै प्रभावकारी राजनीतिक नेतृत्व प्रस्तुत गर्न सकेन। प्रधानमन्त्रीबाट राष्ट्रका नाममा सम्बोधन ढिलो आउनु, गृहमन्त्री तथा उच्च राजनीतिक नेतृत्व घटनास्थलमा तत्काल नपुग्नु र प्रारम्भिक चरणमै आन्दोलनकारी तथा सरोकारवालासँग संवाद स्थापित गर्न नसक्नु कमजोरीका रूपमा देखियो।

दोस्रो, कानुनी रूपमा दर्ता भएका धार्मिक संघ-संस्थाका प्रतिनिधिहरूसँग प्रारम्भिक चरणमै औपचारिक संवाद हुन सकेन। आन्दोलनको नेतृत्व गरिरहेका पक्षसँग प्रत्यक्ष वार्ता नगर्दा अविश्वास बढ्दै गएको देखियो।

तेस्रो, मधेस र कोशी प्रदेशबाट निर्वाचित जनप्रतिनिधिहरूले समयमै स्थानीय तहमा पुगेर शान्तिपूर्ण समाधानका लागि भूमिका निर्वाह गर्न सकेनन्। स्थानीय नेतृत्वको सक्रिय मध्यस्थता हुन सकेको भए तनाव कम हुन सक्ने सम्भावना थियो।

चौथो, भीड नियन्त्रणका क्रममा अत्यधिक बल प्रयोग भएको भन्ने गम्भीर आरोप उठ्यो। लाठीचार्ज, पानीको फोहोरा, अश्रुग्यास वा रबर बुलेटजस्ता वैकल्पिक उपाय पर्याप्त प्रयोग नगरी प्रत्यक्ष गोली चलाइएको विषयले बल प्रयोगको अनुपातिकता (Principle of Proportionality) माथि प्रश्न उठाएको छ।

पाँचौं, सुरक्षा निकायबीच समन्वयको कमी, पूर्वसूचनाको प्रभावकारी उपयोग हुन नसक्नु तथा निजी सम्पत्ति संरक्षणमा आवश्यक सुरक्षा व्यवस्था समयमै गर्न नसक्नु पनि कमजोरीका रूपमा देखियो।

## ढिलो भए पनि संवादतर्फको प्रयास

यद्यपि प्रारम्भिक चरणमा कमजोरी देखिए पनि त्यसपछि सरकार संवादको बाटोमा अघि बढेको देखियो । रास्वपा का सभापति र वि लामिछानेले विभिन्न राजनितिक दलका नेताहरुसँग संवाद अगाडि बढाए । त्यसपछि प्रधानमन्त्री बालेनले राष्ट्रपति र उपराष्ट्रपति भेटे। लगतै प्रधानमन्त्रीले नेपाली र मैथिली दुवै भाषामा राष्ट्रको नाममा सम्बोधन गरी समाजिक सद्भाव कायम राख्न अपिल गर्नुभयो। लगत्तै गृहमन्त्री सुधन गुरुङ आफ्नो टोली सहित मधेस झरे । उनको टोलीमा रास्वपाका सासंद जेनजी अभियन्ता बब्लु गुप्ता र शिव यादव सहितका नेताहरु सँग पिडित परिवार लाई भेटे र वार्ताका माध्यमबाट सहमती गराएर सिरहा तर्फ लागे। सिरहामा पनि सुनसरी घटना मा भएकै सहमति अनुरुप नै सहमति गराइ जनकपुर तर्फ लागे । जनकपुरमा भने नेपाललाई हिन्दु राष्ट्र घोषणा गर्न माग गरेका हिन्दुवादी संगठनहरुको मागलाई सम्बोधन गर्ने गरी मौखिक सहमति भयो । उता वार्तापछि मृतकका परिवारलाई राहत उपलब्ध गराउने, परिवारका एक सदस्यलाई रोजगारी दिने, शहीद घोषणा गर्ने तथा स्मृतिमा पार्क निर्माण गर्ने लगायतका विषयमा सहमति भएको सार्वजनिक गरियो । यो निरन्तर को सक्रियता र समन्वयकारी भूमिकाले मधेस अन्ततः शान्त भए । हाल धनुषा, सिरहा ,सर्लाही,पर्सा , सप्तरी मा कर्फ्यु हटाइएको छ भने केहि -केहि ठाउँहरु मा निषेधाज्ञा जारी छ । मानिसहरूको चहलपहल भने सुरु हुन थालेको छ। यो सँगै विभिन्न जिल्लामा जनजीवन सामान्यतर्फ फर्किन थालेको छ।

## राज्यको सुरक्षा संयन्त्रमाथि उठेका प्रश्न

धार्मिक विविधता नेपालको पहिचान हो। यही विविधताले नेपाली समाजलाई सहिष्णुता, बहुलवादी र सांस्कृतिक रूपमा समृद्ध बनाएको छ। तर पछिल्ला घटनाले यही सामाजिक सद्भावमाथि गम्भीर चुनौती सिर्जना गरेको छ।

दुई समुदायबीच हुने धार्मिक विवाद नेपालका लागि नयाँ होइन। विगतमा पनि यस्ता तनाव देखिएका थिए। तर अधिकांश विवाद संवाद, स्थानीय नेतृत्व र प्रशासनको सक्रियताबाट समाधान भएका थिए। यसपटक भने सामान्य विवाद हिंसामा परिणत भयो, गोली चल्यो, नागरिकको ज्यान गयो र सार्वजनिक तथा निजी सम्पत्तिमा क्षति पुग्यो।

यसले राज्यको सुरक्षा संयन्त्र किन समयमै सक्रिय हुन सकेन भन्ने प्रश्न उठाएको छ। के पूर्वसूचना प्रणाली प्रभावकारी थिएन? के सम्भावित जोखिमको मूल्याङ्कन गरिएन? के समुदायसँग पर्याप्त समन्वय हुन सकेन? र, भीड नियन्त्रणका अन्तर्राष्ट्रिय मान्यताअनुसार न्यूनतम बल प्रयोगको सिद्धान्त किन प्रभावकारी रूपमा लागू हुन सकेन?

प्रहरी प्रशासनको दायित्व अपराध भएपछि कारबाही गर्नु मात्र होइन, अपराध हुन नदिनु पनि हो। संवेदनशील धार्मिक कार्यक्रम, जुलुस वा सामाजिक तनावबारे समयमै सूचना सङ्कलन, जोखिम मूल्याङ्कन, समुदायसँग समन्वय र पर्याप्त सुरक्षा तयारी हुन सकेको भए अवस्था यति गम्भीर बन्ने सम्भावना कम हुन सक्थ्यो।

राष्ट्रिय सभा सदस्य मोहम्मद खालिदको भनाइ छ, “घटनाहरू पहिले पनि हुन्थे, तर गोली चल्ने र मानिस मारिने अवस्था आउँदैनथ्यो।“ यो अभिव्यक्तिले राज्यको समयमै हस्तक्षेपको आवश्यकता स्पष्ट रूपमा औँल्याउँछ।

त्यसैगरी मधेस केन्द्रित राजनीतिज्ञ सिके राउतले प्रदेश प्रहरी समायोजन प्रभावकारी रूपमा कार्यान्वयन नहुँदा प्रदेश सरकारले सुरक्षा व्यवस्थापनमा अपेक्षित भूमिका खेल्न नसकेको तर्क गरेका छन्। स्थानीय भाषा, संस्कृति र सामाजिक परिवेश बुझ्ने जनशक्तिको अभावले पनि यस्ता संवेदनशील अवस्थामा गलत निर्णय हुन सक्ने जोखिम बढाउने उनको धारणा छ।

## संवैधानिक र कानुनी दृष्टिकोण

नेपालको संविधानले सबै धर्मप्रति समान सम्मान र धार्मिक स्वतन्त्रताको प्रत्याभूति गरेको छ। संविधानको धारा १७ ले अभिव्यक्ति स्वतन्त्रताको अधिकार सुनिश्चित गरे पनि सार्वजनिक शान्ति, सामाजिक सद्भाव र अरूको अधिकारमा आघात पुग्ने गरी त्यसको प्रयोग गर्न पाइँदैन। त्यसैगरी धारा २६ ले धर्म मान्ने र अभ्यास गर्ने स्वतन्त्रता दिएको भए पनि धार्मिक घृणा फैलाउने वा सामाजिक वैमनस्य सिर्जना गर्ने कार्यलाई संरक्षण गरेको छैन। यसैले धार्मिक स्वतन्त्रता र सार्वजनिक शान्ति एकअर्काका विरोधी होइनन्; बरु दुवै लोकतान्त्रिक समाजका परिपूरक आधार हुन्। दोषी जोसुकै भए पनि निष्पक्ष अनुसन्धान, पारदर्शी छानबिन र कानुनी कारबाही नै दीर्घकालीन समाधानको आधार हो।

## अबको बाटो

अब राज्यले घटना भएपछि मात्र प्रतिक्रिया दिने शैली परिवर्तन गर्न आवश्यक छ। संवेदनशील क्षेत्रमा प्रभावकारी गुप्त सूचना प्रणाली, समुदाय-प्रहरी साझेदारी, धार्मिक अगुवाबीच नियमित संवाद, द्वन्द्व रोकथामसम्बन्धी तालिम तथा सामाजिक सञ्जालको जिम्मेवार अनुगमनलाई प्राथमिकतामा राख्नुपर्छ।

त्यसैगरी भीड व्यवस्थापन, तनाव नियन्त्रण र न्यूनतम बल प्रयोगसम्बन्धी अन्तर्राष्ट्रिय मान्यताअनुसार सुरक्षा निकायको क्षमता अभिवृद्धि गर्न जरुरी छ। सुरक्षा संयन्त्रको उद्देश्य नागरिकमाथि शक्ति प्रदर्शन गर्नु होइन; नागरिकको जीवन, स्वतन्त्रता र विश्वासको रक्षा गर्नु हो।

## निष्कर्ष

धार्मिक द्वन्द्व कुनै एक समुदायको जित वा हारको विषय होइन। यसबाट अन्ततः हार्ने भनेको सम्पूर्ण समाज, सामाजिक सद्भाव, लोकतन्त्र र राष्ट्र नै हो। त्यसैले यस्ता घटनालाई राजनीतिक लाभ-हानिको दृष्टिले होइन, कानुन, न्याय, मानव अधिकार र सामाजिक एकताको दृष्टिकोणबाट मूल्याङ्कन गर्नुपर्छ।

सकारात्मक शान्तिको अवधारणाले देखाएझैँ, दीगो शान्ति केवल हिंसा रोकिएर स्थापित हुँदैन; न्यायपूर्ण शासन, प्रभावकारी सुरक्षा संयन्त्र, उत्तरदायी नेतृत्व र नागरिकको विश्वास कायम रहँदा मात्र सम्भव हुन्छ। राज्यले आफ्नो सुरक्षा प्रणालीलाई समयानुकूल, संवेदनशील र उत्तरदायी बनाउन सके मात्र यस्ता दुःखद घटना दोहोरिनबाट रोक्न सकिन्छ र नेपालको धार्मिक सहिष्णुता तथा सामाजिक सद्भावलाई दीगो रूपमा संरक्षण गर्न सकिन्छ।

*-महतो कानुन अध्ययनरत विधार्थी एवम् मानव अधिकारकर्मी हुन्।*

# खेलमैदान अभावले औरहीका.....

उहाँको भनाइ छ।

### राष्ट्रपति रनिङ शिल्ड हुन्छ,अभ्यास गर्ने मैदान छैन

औरही नगरपालिकाले प्रत्येक वर्ष 'स्वास्थ्यका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद' नार ासहित राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्दै आएको छ। विद्यालयस्तरका विद्यार्थी र युवालाई प्रतियोगितामार्फत खेलकुदमा सहभागी गराइए पनि वर्षभरि नियमित अभ्यासका लागि व्यवस्थित खेलमैदानको अभाव कायमै रहेको स्थानीयको गुनासो छ।

स्थानीयवासीले प्रतियोगिता आयोजना गर्नु सकारात्मक भए पनि त्यसलाई प्रभावकारी बनाउन खेलमैदान, खेल सामग्री, प्रशिक्षक र नियमित अभ्यासको वातावरण अपरिहार्य रहेको बताएका छन्। यस्तो व्यवस्था भए स्थानीय प्रतिभालाई जिल्ला, प्रदेश हुँदै राष्ट्रियस्तरसम्म पुऱ्याउन सकिने उनीहरूको विश्वास छ।

### जग्गा अभाव मुख्य चुनौती : नगर प्रमुख

औरही नगरपालिकाका नगर प्रमुख प्रदीपकुमार खड्काले खेलमैदान निर्माणका लागि पर्याप्त जग्गा उपलब्ध नभएकाले हालसम्म व्यवस्थित खेलमैदान बनाउन नसकिएको बताउनुभयो।

उहाँका अनुसार खेलमैदान निर्माणका लागि उपयुक्त जग्गा व्यवस्थापन गर्ने तथा सम्भावित विकल्प खोज्ने प्रयास भइरहेको छ। युवाको प्रतिभा विकास र खेलकुद प्रवर्द्धनप्रति नगरपालिका प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले आवश्यक जग्गा उपलब्ध हुनासाथ पूर्वाधार निर्माण अघि बढाइने जानकारी दिनुभयो।

### पूर्वाधार विकासको अपेक्षा

स्थानीयवासीले खेलमैदानका लागि उपयुक्त जग्गा व्यवस्थापन, सम्भावित स्थानमा खेल पूर्वाधार निर्माण, भएका मैदानको संरक्षण तथा स्तरोन्नति र नियमित प्रतियोगिता सञ्चालनलाई प्राथमिकता दिन नगरपालिकासँग माग गरेका छन्।

उनीहरूको भनाइमा खेलकुद पूर्वाधारको विकासले खेलाडीको प्रतिभा पहिचान र क्षमता अभिवृद्धिमा मात्र होइन, युवालाई सकारात्मक गतिविधिमा जोड्दै गलत संगत तथा कुलतको जोखिम न्यूनीकरण गर्न पनि महत्वपूर्ण भूमिका खेल्नेछ।

**मादक पदार्थ नखाएर यात्रा गर्नुहोस् !**
"सुरक्षित यात्रा गरौं - मादक पदार्थको सेवन गरेर गाडी चलाउँदा जीवनको जोखिम बढ्दछ!"
**सवारी साधनमा सीट बेल्ट लगाउनुहोस् !**
"सुरक्षितमा सवारी चलाउनुहोस् - सीट बेल्ट लगाउनु होला, दुर्घटनामा ज्यान जोगाउन!"

# ट्रकको ठक्करबाट साइकल यात्रुको मृत्यु

**खबर दर्पण समाचारदाता**
**साउन १८ गते, बर्दिवास**

महेन्द्र राजमार्गस्थित सर्लाहीको हरिवन नगरपालिका-४, गणेश चोकमा सोमबार बिहान ट्रकको ठक्करबाट एक जना साइकल यात्रुको मृत्यु भएको छ।

सडक पार गर्न खोज्दा मधेश प्रदेश-०३-००२ ख ११९४ नम्वर को ट्रक किच्दा हरिपुर नगर पालिका-५, लक्ष्मीपुरका ५० वर्षीय पञ्चलाल चौधरीको मृत्यु भएको हो। सासापुरकै गेला गाउँमा मजदुरीको काम गर्ने चौधरी झरी परिरहेका बेला बिहान करिब ७ बजे साइकल चढेर आइरहेका बेला दुर्घटनामा परी मृत्यु भएको हो।

प्रत्यक्षदर्शीका अनुसार चौधरी र ोकिराखेको बस अगाडिबाट सडक पार गर्न खोज्दा पछाडिबाट आइर हेको ट्रकले ठक्कर दिएको हो। ट्रकको ठक्करबाट चौधरीको घटनास्थलमै मृत्यु भएको प्रहर ीले जनाएको छ।

मृतकको शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल मलङ्गवा पठाइएको छ। दुर्घटनापछि फरार भएको ट्रक र चालकलाई बागमतीबाट इलाका प्रहरी कार्यालय कर्मैयाको टोलीले नियन्त्रणमा लिएको छ।

ट्रक तथा चालकलाई कारवाही अघि बढाउन इलाका प्रहरी कार्यालय हरिवनमा ल्याइएको प्रहरी निरीक्षक चन्द्रकान्त अधिकारीले बताउनुभयो।

# एक क्विन्टल गाँजासहित दुई भारतीय पक्राउ

**खबर दर्पण समाचारदाता**
**साउन १८ गते, बर्दिवास**

सर्लाहीको लालबन्दी नगरपालिका-१, नवलपुरबाट प्रहरीले सोमबार बिहानै ठुलो परिमाणमा लागुऔषध गाँजा बरामद गरेको छ।

गाँजासहित दुई जना मानिससमेत पक्राउ परेका छन्। लागुऔषध गाँजाको ओसारपसार भइरहेको सूचना पाएपछि प्रहरी टोली नवलपुरस्थित जिल्ला ट्राफिक प्रहरी कार्यालय अगाडि चेक प्वाइन्ट थापेर बसेको थियो।

सोहीक्रममा सोमबार बिहान ५ बजेतिर पूर्वतर्फ आउँदै गरेको बीआर ०९ एम ३७६६ नम्वरको भारतीय कारबाट एक क्विन्टल नौ किलो लागुऔषध गाँजा बरामद भएको हो। कारको डिकीभित्र लुकाइराखिएको अवस्थामा २३ वटा पोकाभित्र रहेका गाँजा बरामद भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक (डीएसपी) वेदप्रसाद गौतमले जानकारी दिनुभयो।

गाँजासहित प्रहरीले कारका चालक भारतको सितामढीका २६ वर्षीय दीपक कुमार महतो र सोही कार मा सवार सितामढीकै २५ वर्षीय अमन कुमारलाई पक्राउ गरेको छ। गाँजा कुन ठाउँबाट ल्याइयो भन्ने विषयमा अनुसन्धान भइरहेको डिएसपी गौतमले बताउनुभयो।












# खेलमैदान अभावले औरहीका खेलाडी ओझेलमा,पूर्वाधार निर्माणको माग

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**साउन १८ गते, महोत्तरी**

औरही नगरपालिकामा व्यवस्थित खेलमैदानको अभावका कारण स्थानीय युवा तथा खेलाडीले नियमित अभ्यास गर्न नपाउँदा उनीहरूको खेल क्षमता विकास प्रभावित भएको छ। फुटबल, क्रिकेट, भलिबललगायत विभिन्न खेलमा रुचि र प्रतिभा भएका युवाहरू भए पनि अभ्यास र प्रशिक्षणका लागि आवश्यक पूर्वाधार नहुँदा उनीहरू अवसरको खोजीमा भौंतारिन बाध्य भएका छन्।

स्थानीय खेलाडीका अनुसार प्रतियोगिता नजिकिँदा अभ्यासका लागि उपयुक्त स्थान खोज्नुपर्ने अवस्था छ। नियमित प्रशिक्षणको अभावले खेल कौशल सुधार गर्न कठिनाइ हुने र अन्य क्षेत्रका खेलाडीसँग प्रतिस्पर्धा गर्न समेत चुनौती थपिएको उनीहरूको भनाइ छ।

औरही नगरपालिका-५ का युवा अजयकुमार मुखियाले खेल्ने उपयुक्त मैदान नहुँदा नियमित अभ्यास गर्न समस्या भएको बताउनुभयो। नगरपालिकाले व्यवस्थित खेलमैदान निर्माण गरे स्थानीय खेलाडीले आफ्नो प्रतिभा प्रदर्शन गर्ने अवसर पाउने उहाँको भनाइ छ।

यस्तै, औरही-१ का स्थानीय खेलाडी मुकेशकुमार साहले प्रतियोगिताको तयारीका लागि आवश्यक अभ्यास गर्ने स्थान नहुँदा खेलाडीको क्षमता विकासमा प्रत्यक्ष असर परेको बताउनुभयो। उहाँका अनुसार औरहीमा फुटबल, क्रिकेट र भलिबलप्रति युवाको आकर्षण उच्च भए पनि अभ्यासका लागि आवश्यक पूर्वाधार नहुँदा उनीहरूले नियमित प्रशिक्षण लिन सकेका छैनन्।

औरही-९ का स्थानीयवासी मुकेशकुमार महतोले नगर क्षेत्रमा खेलकुदका लागि आवश्यक पूर्वाधारको अभाव रहेको बताउनुभयो। युवाको सङ्ख्या बढ्दै गए पनि उनीहरूका लागि खेल्ने उचित वातावरण निर्माण हुन नसकेको उहाँको भनाइ छ।

### युवालाई कुलतबाट जोगाउन खेलकुद प्रभावकारी

औरही-२ का अभिभावक घनश्याम यादवले खेलमैदानको अभावलाई खेलाडीको मात्र नभई समाजको पनि समस्या भएको बताउनुभयो। युवालाई खेलकुदमा सक्रिय बनाउन सके उनीहरू गलत संगत र कुलतबाट टाढा रहने उहाँको विश्वास छ।

उहाँले युवालाई समयमै खेलकुद, शिक्षा तथा सिर्जनात्मक गतिविधिमा जोड्न नसके कुलतको जोखिम बढ्ने भएकाले स्थानीय तहले खेलकुद पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो।

### प्रतिभा छ, पूर्वाधार छैन : प्रशिक्षक

औरही नगरपालिकाका खेल प्रशिक्षक ज्ञानेन्द्र यादवले स्थानीयस्तरमा प्रतिभावान् खेलाडीको कमी नरहेको तर खेलमैदान, खेल सामग्री र नियमित प्रशिक्षणको अभावले उनीहरूको क्षमता विकासमा बाधा पुगेको बताउनुभयो।

उहाँका अनुसार फुटबल, क्रिकेट र भलिबलमा युवाको आकर्षण उत्साहजनक भए पनि अभ्यासका लागि आवश्यक वातावरण नहुँदा खेलाडीले आफ्नो पूर्ण क्षमता प्रदर्शन गर्न सकेका छैनन्। खेलकुद पूर्वाधारको विकाससँगै नियमित प्रशिक्षण र प्रतियोगिता सञ्चालन गर्न सके स्थानीयस्तरबाटै उत्कृष्ट खेलाडी उत्पादन गर्न सकिने

*बाँकी पृष्ठ ३ मा*




“ दिगो जीवनको स्वस्थ सुरुवातः प्रभावकारी स्तनपानको लागि सबैको साथ ”
विश्व स्तनपान सप्ताह, १-७ अगष्ट
१६ देखी २२ श्रावण, २०८३
Breastfeeding for a Sustainable Start in Life: Strengthen What Works
WABA | WORLD BREASTFEEDING WEEK 2026
गौशाला नगरपालिका, महोत्तरी

सुनौलो 1,000 दिन
गर्भधारण भएको दिनदेखि शिशु २ वर्षको उमेर पूरा सम्मको अवधि यो समय शिशुको मस्तिष्क, शरीर, रोग प्रतिरोधात्मक क्षमता र भविष्यको स्वास्थ्य विकासका लागि सर्वश्रेष्ठ र महत्वपूर्ण अवधि हो ।
गर्भावस्था (करिब २80 दिन) → जन्मेदेखि 6 महिना (180 दिन) → 6 महिना देखि २ वर्षसम्म (540 दिन)
कुल = 1,000 दिन (सुनौलो अवधि)

1. गर्भावस्थामा
- गर्भ रहेको थाहा पाएपछि तुरुन्त स्वास्थ्य संस्थामा दर्ता गर्ने ।
- नियमित 8 पटक गर्भजाँच (ANC) गराउने ।
- फोलिक एसिड, आइरन, क्याल्सियम तथा आवश्यक अन्य पोषक तत्व सेवन गर्ने ।
- सन्तुलित र पोशिलो आहार खाने ।
- मदिरा, सुर्तीजन्य पदार्थ तथा अन्य हानिकारक वस्तुबाट टाढा रहने ।
- आवश्यक खोप तथा स्वास्थ्य सेवा लिने ।

२. जन्मेदेखि 6 महिना
- जन्मेको 1 घण्टाभित्र स्तनपान सुरु गर्ने ।
- पहिलो 6 महिना आमाको दूध मात्र खुवाउने (बिगोती) ।
- पानी, मह, घुटी, जुस वा अन्य केही खानकुरा नदिने ।
- आमासँग छाला छोंयो सम्पर्क, माया र हेरचाह दिने ।
- आवश्यकका अनुसार दिन-रात स्तनपान गराउने ।
पहिलो 6 महिना आमाको दूध मात्र, शिशुको लागि सबैभन्दा उत्तम !

3. 6 महिना देखि २ वर्षसम्म
- 6 महिना पुगेपछि उमेरअनुसारको पोशिलो थप आहार सुरु गर्ने ।
- दिनमा आवश्यक पटक विविध र पोशिलो खाना खुवाउने ।
- २ वर्ष वा सोभन्दा बढी समयसम्म स्तनपानलाई निरन्तरता दिने ।
- खाना बनाउँदा र खुवाउँदा सरसफाइमा विशेष ध्यान दिने ।

५. नियमित स्वास्थ्य सेवा
✓ राष्ट्रिय खोप तालिकानुसार सबै खोप लगाउने ।
✓ शिशुको तौल र वृद्धि नियमित जाँच गर्ने ।
✓ बिरामी भएमा समयमै स्वास्थ्य संस्थामा लैजाने ।
✓ झाडापखाला हुँदा ओआरएस र जिंक प्रयोग गर्ने तथा स्तनपान जारी राख्ने ।

किन महत्वपूर्ण छ ?
★ मस्तिष्कको करिब 80% विकास यही अवधिमा हुन्छ ।
★ कुपोषण, संक्रमण र बालमृत्युददरको जोखिम कम हुन्छ ।
★ शारीरिक, मानसिक र बौद्धिक विकास राम्रो हुन्छ ।
★ सिकाइ क्षमता र भविष्यको उत्पादनशीलता बढ्छ ।
★ स्वस्थ, सक्षम र उज्ज्वल भविष्यको बलियो आधार तयार हुन्छ ।

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय सपही
धनुषा,मधेश प्रदेश

अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल
➤ २४ सैं घण्टा इमर्जेन्सी सेवा
➤ ICU, NICU, PICU सेवा
➤ X-Ray, USG, CT Scan सेवा
➤ Endoscopy/Diode Laser सेवा
➤ Laproscopy सेवा
➤ क्याबिनको समेत व्यवस्था भएको
➤ विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
➤ 24/7 Ambulance सेवा
SHUBHA SWOSTIK HOSPITAL PVT.LTD
शुभ स्वस्तिक हस्पिटल प्रा.लि.
मेनरोड बर्दिवास, महोत्तरी
044-550255

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०७३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,